**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २३ मई २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले देशका ४७ स्थानहरूमा १६ औं रोजगार मेलामा ५१ हजार भन्दा बढ़ी नवनियुक्तहरूलाई नियुक्ति पत्र प्रदान गर्नुभयो।

- मुख्यमंत्री शुभेन्दु अधिकारीले कालेबुङ, अलिपुरद्वार र उत्तर दिनाजपुरमा चाँड़ै मेडिकल कलेज खोलिने बताएका छन्।

- राज्य सरकारले बकरीदको दुई दिने छुट्टीलाई घटाएर एक दिन गरेको छ।

- नेपालामा सगरमाथ उक्लिने क्रममा दुई भारतीय पर्वतारोहीहरूको ज्यान गएको छ।

- खरसांग निवासी बीएसएफ जवान नोर्बु शेर्पा लाई गृहमंत्रीले वीरता पुरस्कारले सम्मानित गर्नुभएको छ।

**नयाँ संशोधन: प्रधानमन्त्री-रोजगार मेला**

प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारी नौकरी नागरिकहरूको जीवन सुधार र सरलीकरण गर्ने महत्त्वपूर्ण माध्यम भएको बताउनु भयो। उहाँले आज भिडियो कन्फरेन्सिङ मार्फत १९ औं रोजगार मेलालाई सम्बोधन गर्दै यी टिप्पणीहरू गर्नु भयो। प्रधानमन्त्रीले भन्नु भयो देशले आफ्ना कर्मयोगीहरूमा आफ्नो विश्वास राखेको छए र अब उनीहरूको समर्पणए आचरण र दैनिक कार्यहरू मार्फत त्यो विश्वासलाई सम्मान र सुदृढ पार्नु उनीहरूको जिम्मेवारी हो।

बाइट पीएम रोजगार.... बाइट

श्री मोदीले भन्नु भयो - सम्पूर्ण विश्व भारतको विकास यात्राको हिस्सा बन्न उत्सुक छ। प्रधानमन्त्रीले भन्नु भयो भारतले विश्वभरका विभिन्न देशहरूसँग पनि साझेदारी गरिरहेको छए जसले देशका युवाहरूलाई अवसरए रोजगारी र विश्वव्यापी अनुभव प्रदान गर्ने लक्ष्य राखेको छ। उहाँले थप भन्नु भयो कि देश अब सम्पूर्ण विश्वको लागि एक विश्वसनीय आपूर्ति श्रृंखला साझेदार बन्दैछ।

श्री मोदीले भन्नु भयो - प्रत्येक भारतीय २०४७ सम्ममा देशलाई श्विकसित भारतश बनाउने संकल्पका साथ काम गरिरहेको छए र यो लक्ष्य प्राप्त गर्न विभिन्न क्षेत्रमा लगानी भइरहेको छ। प्रधानमन्त्रीले भन्नु भयो - युवाहरूका लागि नयाँ रोजगारीका अवसरहरू सिर्जना भइरहेका छन्।

उहाँले नवनियुक्त कर्मचारीहरूलाई श्पळब्ज कर्मयोगीश प्लेटफर्मको अधिकतम प्रयोग गर्न प्रोत्साहित गर्दै भन्नु भयो यसले उनीहरूलाई आफ्नो जिम्मेवारीहरू अझ सजिलै बुझ्न मद्दत गर्नेछ। श्री मोदीले यी नयाँ कर्मचारीहरूले देशको प्रगतिमा योगदान पुऱ्याउनेछन् र उनीहरूको काम र निर्णयहरूले श्विकसित भारतश को सपना साकार पार्न महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास व्यक्त गर्नु भयो।
उहाँले भन्नु भयो

बाइट कर्मयोगी..पीएम......

आज, १९ औं वार्षिक रोजगार मेलामाए विभिन्न सरकारी विभाग र संस्थाहरूका लागि छनोट भएका ५१,००० भन्दा बढी युवाहरूलाई नियुक्ति पत्र वितरण गरिएको थियो। यो रोजगार मेला देशभरका ४७ स्थानमा आयोजना गरिएको थियो। देशभरका यी नवनियुक्त कर्मचारीहरूले रेल मन्त्रालय, गृह मन्त्रालय, स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय र उच्च शिक्षा विभाग जस्ता विभिन्न मन्त्रालय र विभागहरूमा सेवा गर्नेछन्

## पश्चिम बंग रोजगार मेला

राष्ट्रव्यापी रोजगार मेलाको भागको रूपमा आज पश्चिम बंगालका तीन स्थानहरूमा नव नियुक्त उम्मेदवारहरूलाई नियुक्ति पत्रहरू प्रदान गरियो। कोलकाताको सियालदहमा, यो कार्यक्रम डा.बी.सी.रोय अडिटोरियममा आयोजित गरियो जाहाँ 185 जनालाई नियुक्ति पत्र प्रदान गरियो। यस अवसरमा मुख्य अतिथिको रूपमा राज्यका मुख्यमंत्री सुभेन्दु अधिकारी उपस्थित थिए। यस कार्यक्रमा केन्द्रीय शिक्षा तथा पूर्वोत्तर क्षेत्र विकास राज्यमंत्री डा.सुकान्त मजूमदार, सियालदाह डिभिजनल रेलवे प्रबन्धक राजीव सक्सेना अनि पूर्विय रेलवे महाप्रबन्धक मिलिन्द देवोस्कर पनि उपस्थित थिए।
अर्को कार्यक्रम खड़गपूरमा आयोजित गरियो जाहाँ 147 जनालाई नियुक्ति पत्र प्रदान गरियो। यस कार्यक्रमको आयोजना दक्षिण पूर्व रेलवेले आयोजित गर्को थियो। यहाँ राज्यका पंचायत तथा ग्रमीम विकास मंत्री दिलिप घोष अनि केन्द्रीय जहाजरानी र जलमार्ग राज्यमंत्री शान्तनु ठाकूर उपस्थित थिए। तेस्रो रोजगार मेला सिलीगुड़ीमा आयोजित गरियो। पूर्वोत्तर सीमान्त रेलवेले यसको आयोजना गरेको थियो। यहाँ केन्द्रीय ग्रामिण राज्यमंत्री कमलेश पासवान उपस्थित थिए।

## अनिवार्य घोषणा - आकाशवाणीमा 'पीपल्स पद्म'

राष्ट्रपति Droupadi Murmu ले सोमबार आयोजित नागरिक सम्मान समारोहमा सन् 2026 का लागि पद्म पुरस्कार प्रदान गर्नुहुनेछ। यस अवसरमा Akashvani ले आफ्नो शृंखला 'आकाशवाणीमा पीपल्स पद्म' अन्तर्गत 16 वटा कार्यक्रम प्रस्तुत गरिरहेको छ।
यी एपिसोडहरूमा पद्म पुरस्कार विजेताहरूको जीवन र योगदानबारे जानकारी दिइनेछ। कार्यक्रमहरूको प्रसारण भोलि र सोमबार १००.१ आकाशवाणी गोल्डमा गरिनेछ। यी कार्यक्रमहरू News On Air एप तथा NEWS ON AIR OFFICIAL युट्युब च्यानलमार्फत पनि सुन्न सकिने छ। श्रोताहरूलाई भोलि र सोमबार बिहान ९ बजेर १० मिनेटदेखि आकाशवाणीसँग जोडिन अनुरोध गरिएको छ।

## मुख्यमंत्रीशुभेन्दु

कालेबुंग र अलिपुरद्वारमा चाडै मेडिकल कालेजको निर्माणका लागि अरम्बिक प्रक्रिया शुरु हुनेछद्य यसका साथै १ जुलाई देखि राज्यमा आयुषमान भारत कार्ड शुरु गरिने छं राज्यमा स्वास्थ्य क्षेत्रमा धैरै विकास गरिने तथा केन्द्र सरकारको स्वास्थ्य सुविधाहरु जस्तै स्वाथ्य मन्दिरए टीबी उन्मुलन बालबालिकाहरुका लागि सेर्वैकल क्यान्सर टिकाकरणए कुष्ट रोग उन्मुलन सहित कैयन योजना हरु सुचारु हुनेछद्य उक्त जानकारी मुख्यमन्त्रि शुवेन्धु अधिकारीले जानकारी दिनु भएको छद्य उहाले भन्नुभएको छ राष्ट्रिय स्वास्थ्य मिशन अन्तर्गत केन्द्र सरकारले २१०३ करोड रुपिया मंजूरी दिएको छ तथा यसमा ५०० करोड रुपिया मंजूरी दिएको छ तथा यसमा ५०० करोड रुपिया केन्द्र सरकारले आज नै प्रदान गरि सकेको छ

## नेपाल- भारतीय पर्वतारोही मृत्यु

विश्वकै सर्वोच्च पर्वत शिखर सगरमाथा उक्लिने क्रममा दुई भारतीय पर्वतारोहगीहरूले ज्यान गुमाएका छना। प्राप्त जानकारी अनुसार अरुण कुमार तिवारी र सन्दीप आरे नामका दुई भारतीय पर्वतारोहीहरू सगरमाथा शिखरबाट ओर्लिने क्रममा ज्यान गुमाएका हुन। यद्यपी दुवैलाई बचाउका लागि उनीहरूका गाइडहरूले अथक प्रयास गरे तर पनि बचाउन सकिएन। सन्दीप आरेले बुधबार 20 मे 2026 को दिन तथा अरुण तिवारीले बिहीबार 21 मो 2026 को दिन सगरमाथा उक्लेका थिए। यस सिजनमा ८,८४८.८६ मिटर अग्लो सगरमाथा शिखर आरोहण गर्ने २७४ पर्वतारोहीहरूमध्ये उनीहरू पनि थिए।४६ वर्षीय सन्दीप आरेको सगरमाथाको क्याम्प -2 मा मृत्यु भयो। अधिकारीहरूका अनुसार, उनी सगरमाथाको चुचुरो (८,८४८.८६ मिटर) बाट ओर्लने क्रममा बिरामी भएर ज्यान गुमाउनु परेको हो। तीवारीको पनि शिखरबाट ओर्लिने क्रममा गम्भिर रूपमा बिमारी हुन्दा हिलारी स्टेप नजिकै मृत्यु भयो।यसरी यो सिजनमा हिमालयको सर्वोच्च पर्वत शिखर उक्लिने क्रममा चार जानको मृत्यु भएको छ।

**खरसांग - वीरता पुरस्कार**

खरसांगको डाउहिलस्थित भिक्टोरिया गाउँका निवासी नर्बु शेर्पालाई गत वर्ष लागूऔषध विरोधी अभियानको क्रममा असाधारण बहादुरी देखाएकोमा केन्द्रीय गृहमन्त्री अमित शाहले प्रतिष्ठित "वीरता पुरस्कार" प्रदान गर्नुभएको छ।
आधिकारिक रिपोर्टका अनुसार, यो घटना 20 अप्रिल 2023 मा भारत-बंगलादेश सीमामा भएको थियो, जहाँ सीमा सुरक्षा बल (BSF) का हेड कन्स्टेबल ड्यूटीमा थिए। शेर्पालाई अचानक घात लगाएका आठ देखि नौ जना लागूऔषध तस्करहरूको समूहले घारिलो हतियारले आक्रमण गरेको थियो। नाक भाँचिएको, खुट्टामा चोट लागेको र एउटा आँखाको दृष्टि अस्थायी रूपमा गुमाउने जस्ता गम्भीर चोटपटक लागे पनि, उनले आक्रमणकारीहरूसँग लड्न जारी राखे।लगभग 30 मिनेटसम्म एक्लै लड्दै, शेर्पाले एक तस्करलाई पराजित गर्न र पक्राउ गर्न सफल भए। घटना पछि एक महिनासम्म उनलाई अस्पतालमा भर्ना गरिएको थियो। पक्राउ परेका व्यक्तिलाई पछि लागूऔषध नियन्त्रण ब्यूरोले लागूऔषध ऐनको प्रावधान अन्तर्गत मामिला दर्ता गरेको थियो।31 वर्षदेखि BSF मा सेवा गरिरेका शेर्पाले बताए अनुसार उनले आक्रमणको क्रममा पछि हट्न स्पष्ट रूपमा अस्वीकार गरेका थिए।
यस वर्ष वीरता पुरस्कार प्राप्त गर्ने उनी एक मात्र गोर्खा भएको बताइएको छ, जसले कर्सियाङ क्षेत्रलाई नै गौरव प्रदान गरेको छ।

**पश्चिम बंगाल - बकरिद**

पश्चिम बंगालमा सरकार परिवर्तनसँगै, राज्यमा धेरै निर्णयहरू लिइएको छ। शुभेन्दु सरकारले आज पछिल्लो ममता बनर्जी सरकारको बकरिदमा छुट्टी दिने निर्णयलाई पनि परिवर्तन गरेको छ। पहिले, ममता बनर्जीको शासनमा, बकरिदको लागि दुई दिनको छुट्टी प्रदान गरिन्थ्यो, तर अब, 28 मईमा मनाईने ईद अल-अजहामा एक दिनको छुट्टी प्रदान गरिनेछ। यसर्थ अब 28 को दिन छुट्टी हुनेछ अनि 29 मईमा वर्किंग डे हुनेछ। बकरीद (ईद अल-अजहा) अघि देशका धेरै भागहरूमा पशु कुर्बानीलाई लिएर विवाद तीव्र भएको छ। यसैबीच, जमियत उलेमा-ए-हिन्दका अध्यक्ष मौलाना महमूद मदनीले इस्लाममा कुर्बानी एक महत्त्वपूर्ण इबादत हो, त्यसैले प्रत्येक मुस्लिमले आफ्नो भाग कुर्बानी गर्ने हरसम्भव प्रयास गर्नुपर्छ भनेका छन्। मौलाना महमूद मदनीले ईदको बारेमा केही सुझावहरु दिएका छन्। जमियत उलेमा-ए-हिन्दद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "इस्लाममा कुर्बानी एक महत्त्वपूर्ण इबादत हो, जुन प्रत्येक सक्षम मुस्लिममाथि अनिवार्य छ। कुर्बानीको दिनहरूमा यसको विकल्प छैन। त्यसैले, प्रत्येक सक्षम मुस्लिमले आफ्नो भाग कुर्बानीको रूपमा अदा गर्ने हरसम्भव प्रयास गर्नुपर्छ।" मौलानाले कुर्बानी दिने सबैले सरकारद्वारा जारी निर्देशिका र स्थानीय प्रशासनको नियमहरूको कडाईका साथ पालना गर्न अपील गरेका छन्। कानूनद्वारा निषेधित जनावरहरूको बलिदान पूर्ण रूपमा बेवास्ता गर्नुपर्छ। यसअघि बिहीबार, कलकत्ता उच्च अदालतले पश्चिम बंगाल सरकारलाई अर्को साता मनाइने ईद अल- अजहाको लागि माग गरिएको छुटको सम्बन्धमा पश्चिम बंगाल पशु वध नियन्त्रण अधिनियम, 1950 को धारा 12 अनुसार निर्णय लिन निर्देशन दिएको थियो। मुख्य न्यायाधीश सुजय पलको नेतृत्वमा रहेको डिभिजन बेन्चले 27 वा 28 मईमा पर्व पर्न सक्ने कुरालाई ध्यानमा राख्दै, यो आदेशको सूचना प्राप्त भएको 24 घण्टा भित्र राज्यले यस विषयमा निर्णय लिने निर्देशन दिएको थियो। अदालतले , "केही निवेदकहरूले मागेको छुटको सम्बन्धमा राज्यले 1950 ऐनको धारा 12 अनुसार निर्णय लिनुपर्छ" भनि बताएको थियो ।निवेदकहरूले बकरिदमा कुर्बानीको लागि पशु वध नियन्त्रण ऐन, 1950 को धारा 12 अन्तर्गत छुटको अनुरोध गरेका छन्।

**********